अनसुची - ४

(नियम ११ को उपनियम (१) को खण्ड (ख) सँग सम्वन्धित)

**प्रातिबद्धतापत्र**

मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम अन्तर्गत वित्तिय पहुँच सहयोग कार्यक्रम सञ्चालन गर्ने सान्दर्भमा ..................................................... सहकारी संस्था लिमिटेडको तर्फवाट देहाय बमोजिम कार्यान्वयन प्रतिबद्धता गर्दछौं

क. प्रचलित कानुन तथा मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सञ्चालन नियमवली, २०८० को पुर्ण पालना गर्नेछौं।

ख. अनुदान रकमवाट प्रवाह हुने ऋण अधिकतम् सदस्यहरुलाई प्रवाह गर्ने र व्याज दर वढिमा पाँच प्रतिशत हुने व्यवस्था गर्नेछौं

ग. परम्परागत पेशा, व्यवसाय तथा सीपको आधुनिकीकरण हुने, उतपादनमुलक र आय आर्जन बृद्धि हुने परियोजनाहरुमा मात्र ऋण परिचालन गर्नेछौं।

घ. सहकारी संस्थाका सदस्यहरुले आफुले पेश गरेको कार्ययोजना अनुसारको कार्य सञ्चालन नगरी परियोजनाको निर्धारित अवधि अगावै सो कार्यहरु वन्द गरेमा वा उत्पादनमुलक कार्यक्रममा लगानी नगरी अन्य अनुत्पादक क्षेत्रमा लगानी गरेको पाईएमा त्यस्ता सदस्यहरुवाट प्रचलित व्याज र हर्जाना सहित ऋण रकम फिर्ता गरी अन्य सदस्यहरुको ऋणमा पहुँच वढाउने छौं

ङ. स्वीकृत लाभग्राहीको सुची बमोजिमका लाभग्राहीलाई ऋण प्रवाह हुन नसकेमा वा अनुदान रकम प्रदेश सरकारलाई फिर्ता गर्नेछौं

च. समान प्रकृतिको कार्यका लागि यस अघि कुनै कार्यक्रम मार्फत अनुदान लिएका छैनौं।

छ. अधिकतम् लाभग्राहीहरुलाई अनुदान कार्यक्रम अवधारण अनुसार कार्यक्रममा समेट्नको लागि आफ्नो कार्यक्षेत्र वृद्धि गर्दै लैजान प्रयत्न गर्नेछौं।

ज. सहकारी मुल्य मान्यता, सिद्धान्त, सहकारी कानुन र संस्थाको विनियम विपरिप हुने गरी कार्यक्रम सञ्चालन गर्ने छैनौं।

झ. जगेडा कोषमा प्राप्त अनुदान रकमलाई पहिलो पटक लगानी भएको ऋण असुली भए पश्चात पुनः कार्यक्रमले लक्षित गरेका दलित वर्गका व्यक्तिहरुलाई आय आर्जनका लागि ऋण प्रवाह गर्नेछौं।

ञ. सहकारी संस्थाले ऋण परिचालनवाट प्राप्त गर्ने कुल व्याज रहममध्य दश प्रतिशत रकम मुल विउपुँजीमा वृद्धि हुने गरी सहकारी संस्थाको जगेडा कोषमा जम्मा गर्नेछौं र बाँकी नव्वे प्रतिशत रकम आम्दानीको रुपमा संस्थाले उपयोग गर्नेछौं।

ट. मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सञ्चालन नियमावली २०८० को नियम ७ बमोजिम कार्यक्रम सञ्चालन गर्ने छौं।

ठ. यसमा व्यक्त भएका हाम्रा प्रतिवद्धता अनुसार अनुशरण र अवलम्वन नगरेमा प्रचलित कानुन बमोजिम सहुला वुझाउँला।

## सहकारी संस्था तर्फवाट

सहकारी संस्थाको नामः .............................................................

ठेगानाः ..................................................

सम्पर्क नं. ..............................

अध्यक्षको नाम थरः ........................................

दस्तखतः

मितिः २०८१/......./.......

संस्थाको छापः

| दायाँ | बायाँ |
|---|---|
| | |

कबुलियत विवरण (सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र सचिव)

| नाम | पद | ठेगाना | सम्पर्क नं. | दायाँ | बायाँ |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |